

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्र्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १७ गते बुधबार ❑ 31 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भाटभटेनी डिपार्टमेन्ट स्टोर राजस्व छलीमा पुन: दोषी ठहर

**रासस**

काठमाडौं, १६ माघ

सर्वोच्च अदालतले नक्कली भ्याट बिल प्रयोग गरी राजस्व ठगी गरेको अभियोगमा भाटभटेनी डिपार्टमेन्ट स्टोरलाई पुनः दोषी ठहर गरेको छ।

न्यायाधीशहरू कुमार चुडाल, टेकप्रसाद ढुङ्गाना र बालकृष्ण ढकालको पूर्ण इजलासले मंगलबार नक्कली भ्याट बिल जारी गर्दै भाटभटेनीले सरकारलाई बुझाउनुपर्ने राजस्व ठगी गरेको विषयमा यसअघि सर्वोच्च अदालतबाट गरेको आदेश सदर गर्ने फैसला गरेको हो। उक्त प्रकरणमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासले २०७६ पुस २६ गते फैसला गर्दै भाटभटेनीलाई दोषी ठहर गरेको थियो। उक्त फैसलाविरुद्ध पुनरावलोकन निवेदन दायर भएको थियो। पुनरावलोकनको सुनुवाइपछि पुनः अदालतले दोषी ठहर गरेको हो।

अदालतको फैसलापछि भाटभटेनीले सरकारलाई करिब रु १३ करोड नक्कली भ्याट बिलमार्फत राजस्व ठगी गरेको ठहर भएको हो। भाटभटेनीले एक वर्षमै रु तीन करोड ८५ लाख बराबरको नक्कली भ्याट बिल जारी गरेर राजस्व ठगी गरेको अदालतले ठहर गरेको छ। अदालतले यसअघिको फैसलामा भाटभटेनी सुपर मार्केट एण्ड डिमार्टमेन्टल स्टोर, अरुण इन्टरकन्टिनेन्टल, शङ्कर ग्यास, महेश बानियाँ र आइएटी प्रालिलाई दोषी ठहर गरेर बिगो भराउने फैसला गरेको थियो। सर्वोच्चले भाटभटेनीका नाममा जरिवाना अनि सञ्चालक मीनबहादुर गुरुङसहितलाई सजाय सुनाएको थियो।

भाटभटेनीले अदालतमा पुनरावलोकनको मुद्दा दर्ता गराएर राजस्व तिर्न अस्वीकार गरेको गरेको भए पनि अदालतको फैसलासँग राजस्व ब्याज र जरिवानासहित बुझाउनुपर्नेछ। अदालतको यो फैसलाले नक्कली भ्याट बिलमा अब नयाँ नजिर स्थापित भएको छ।

## मानुङकोटले देशकै पर्यटनमा योगदान पुऱ्याउँछ : मन्त्री आचार्य

**पोखरापत्र संवाददाता**

पोखरा, १६ माघ



महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्र आचार्यले मानुङकोटले देशकै पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने बताउनुभएको छ। तनहुँको व्यास नगरपालिकाले आज आयोजना गरेको सातौँ व्यास नगर अल्ट्रा म्याराथनको व्यास नगरपालिका-५ मानुङकोटमा उद्घाटन गर्दै मन्त्री आचार्यले मानुङ पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको र यसले देशको पर्यटन क्षेत्रमा योगदान दिने उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "पछिल्लो समय मानुङकोट देश तथा विदेशमा प्रख्यात भइरहेको छ। यसले तनहुँको मात्रै समृद्धिमा टेवा दिँदैन देशकै समृद्धिमा योगदान दिन्छ।" मानुङकोटमा पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने बताउँदै उहाँले सङ्घ सरकारको समेत यसमा समर्थन रहने बताउनुभयो।

नगरप्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि म्याराथन आयोजना गरिएको बताउनुभयो। प्रत्येक वर्ष धावकलाई दौडाउने मात्रै नभई यहाँको पर्यटन र संस्कृतिका बारेमा प्रचारप्रसार गर्नु उद्देश्य रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "खाली खेलाडीलाई दौडाउन मात्र होइन, यस ठाउँको प्रचारप्रसार गर्दै विकास अभियानमा सङ्घ र प्रदेश सरकारलाई जोड्न चाहेका छौँ। मानुङकोटसम्म पुग्न कालोपत्र सडक भए पनि पुलिमराङमा अझै पनि कच्ची सडक छ। त्यहाँको बाटो पनि कालोपत्र गर्ने लक्ष्य राखेका छौँ।" व्यास नगरपालिकाअन्तर्गतका मगर र गुरुङ गाउँ जोड्ने अल्ट्रा म्याराथन आयोजना गरिएको हो। शहीद दिवसका अवसर पारेर व्यास नगरपालिकाले आज ४४ किमी दूरीको सातौँ व्यास नगर अल्ट्रा म्याराथन आयोजना गरेको हो।

म्याराथनमा एक सय १६ धावकको सहभागिता रहेको छ। म्याराथनमा विभागीय टोली त्रिभुवन आर्मी क्लब, सशस्त्र र प्रहरीका धावकको समेत सहभागिता रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो। प्रतियोगितामा तनहुँका अतिरिक्त कास्की, लमजुङ, गोरखा, धादिङ, चितवन, डोल्पा, रुकुम, काठमाडौँलगायत जिल्लाबाट धावकको सहभागिता रहेको छ। व्यास नगरपालिका-५ मानुङबाट सुरु म्याराथन मानुङकोट सिद्ध मार्ग हुँदै अलैँचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँ डिही-बर्लाची-सोतीवेशी-बगुवा रिस्ती-बाहुन पोखरा हुँदै व्यास नगरपालिका-८ पुलिमराङमा पुगेर सकिनेछ।

त्यसका लागि व्यास-४ रेन्ज पोष्ट, व्यास-१० खहरे, व्यास-७ पाथ्रा, व्यास-७ सत्रसय, व्यास-८ रिस्ती सोतीवेशी, व्यास-८ वडा कार्यालय, व्यास-८ गाडापानी र पुलिमराङमा चेकपोष्ट राखिएको छ। अल्ट्रा म्याराथनमा प्रथम हुनेलाई रु ८५ हजार ८०, द्वितीय हुनेलाई रु ६५ हजार ८०, तृतीय हुनेलाई रु ५५ हजार ८० र सान्त्वना हुने पाँच जनालाई जनही रु १६ हजार ८० नगद पुरस्कार प्रदान गरिनेछ। गत वर्ष जिल्लाभित्रका धावकलाई मात्रै सहभागी गराइएको थियो। गत वर्ष आयोजित म्याराथनको उपाधि व्यास-७ निवासी विशाल गुरुङले जित्नुभएको थियो। गत वर्ष ४४ किमी दूरी तीन घण्टा २९ मिनेट २६ सेकेन्डमा पूरा गर्दै गुरुङले उपाधि जित्नुभएको हो। त्यस्तै गत वर्षको प्रतियोगितामा व्यास नगरपालिका-६ का सहास पन्थ द्वितीय, आँबुखैरेनी गाउँपालिका-१ का सनम गुरुङ तृतीय हुनुभएको थियो।

## 'दक्ष जनशक्ति उत्पादन आजको आवश्यकता'

**पोखरापत्र संवाददाता**

तनहुँ, १६ माघ

शहरी विकासमन्त्री सीता गुरुङले दक्ष जनशक्ति उत्पादन आजको आवश्यकता भएको बताउनुभएको छ।

तनहुँको भानु नगरपालिका-९ स्थित पुर्कोट कालिका बहुमुखी क्याम्पसको ११औँ वार्षिकोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा मन्त्री गुरुङले नेपाललाई आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणालीको खाँचो रहेको औँल्याउनुभयो।

अहिलेको परम्परागत शिक्षाले बेरोजगार जनशक्ति मात्रै उत्पादन गरेकाले प्राविधिक शिक्षामा जोड दिँदै देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नेतर्फ सामुदायिक विद्यालय तथा क्याम्पसले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले देशको गरिबी निवारणका लागि नेपाल बिजुली बेच्न सक्ने हैसियतमा पुगेको बताउनुभयो।

कांग्रेसको नेतृत्वमा देशको विकास भएको उल्लेख गर्दै उहाँले कांग्रेसकै नेतृत्वमा रोजगारीको अवसर सृजना भएको स्पष्ट पार्नुभयो। कार्यक्रममा तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्ले, गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीलगायतले शिक्षा क्षेत्रको विकासका बारेमा धारणा राख्नुभएको थियो। सो अवसरमा विविध सांस्कृतिक कार्यक्रमका विजयीलाई पुरस्कार वितरण गरिएको क्याम्पस प्रमुख ओजराज बगालेले जानकारी दिनुभयो। कार्यक्रममा लोक गायक राजु परियार र शिला आलेको साङ्गितिक प्रस्तुती रहेको थियो।

## बाँदर नियन्त्रणका लागि रूख काट्ने अभियानको विरोध

**पोखरापत्र संवाददाता**

पोखरा, १६ माघ

बाँदर नियन्त्रणका लागि 'मेरो रूख म काट्छु' अभियान चलाउनेबारे पोखरा महानगरपालिका-१९ ले गरेको निर्णयको विरोध भएको छ। वडा कार्यालयले सोमबार सार्वजनिक सूचनामार्फत १० दिनभित्र घर वरपरका रूख कटान गरी बाँदर नियन्त्रण अभियानमा सहयोग पुऱ्याउन वडाबासीलाई सूचित गरेको थियो।

वडाको उक्त निर्णय सार्वजनिक भएपछि वातावरणकर्मीलगायतले विरोध जनाएका हुन्। महानगरपालिकाका प्रमुख धनराज आचार्यले १९ नं वडाको रूख कटान गर्ने अभियानप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको छ। स्थानीय सरकार सञ्चालन ऐनबमोजिम महानगरपालिकाबाट रूख कटानको कुनै निर्णय नभएको भन्दै सो कार्य नगर्न/नगराउन सेचत गराइएको उहाँले बताउनुभयो।

महानगरप्रमुख आचार्यले वडाले जारी गरेको उक्त सूचनाको भ्रममा नपर्नसमेत वडाबासीलाई अनुरोध गर्नुभएको छ। वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले बाँदरबाट अति प्रभावित क्षेत्र लामाचौर र पुरुन्चौरमा बाँदर नियन्त्रणका लागि घर वरपरका रूख काट्न वडाबासीलाई सूचित गर्नुभएको थियो। वडाको उक्त सूचनाप्रति सामाजिक सञ्जालमा पनि टीकाटिप्पणी भइरहेको छ।

## पोखरा म्याराथनमा कोटा (संख्या) निर्धारण, माघ २८ अन्तिम दर्ता, सबै धावकलाई चिप्स

**पोखरापत्र संवाददाता**

पोखरा, १६ माघ

१८ औं सफल पोखरा अन्तर ष्ट्रिय म्याराथनमा सहभागि हुने धावकहरुको कोटा (संख्या) निर्धारण संगै माघ २८ गते सम्म खेलाडीहरुको अन्तिम दर्ता हुने आयोजकले जनाएको छ।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भुतपूर्व खेलाडी मञ्च नेपालले सञ्चालन गर्ने देशकै जेठो र पहिलो म्याराथन पोखरा म्याराथनमा सहभागिता जनाउन कोटा निर्धारण गरिएको हो। नेपाली सिटी म्याराथनको इतिहासमा नै यसरी कोटा निर्धारण गरिएको हो। संसारभरका अन्य ठूला म्याराथनलाई समेत आत्मसाथ गर्दै पहिलो पटक यसरी कोटा निर्धारण गरिएको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जनएका छन्।

१८ औं संस्करणको तयारीमा जुटिरहेको मञ्चले नेपालमा नै पहिलो पटक हरेक इभेन्टमा चिप्सको ब्यवस्था गरेको छ। यस अघि म्याराथमा सिमित चिप्सको प्रयोग १८ औं संस्करणको खुल्ला म्याराथन संगै हाफ म्याराथन महिला, १० किमि महिला/पुरुष दौड र ५ किमि छात्र/छात्राको दौडमा समेत चिप्सको प्रयोग हुने भएको अध्यक्ष पराजुलीले जानकारी दिए। "अब सबै दौडहरुको सहि समय र दुरी मापन हुन्छ" उनले भने-"कुनै पनि धावकले रुट भन्दा बाहिर भागबाट छलेर दौड पुरा गर्न पाउने छैनन्। यसले खेलाडीमा समेत् हौसला बढ्नेछ भने आफ्नो टाइमिङकोस्तर के हो भन्ने विषयमा स्पष्ट हुन सकिनेछ।" गत वर्षबाट खुल्ला म्याराथनबाट सुरु गरिएको चिप्सको प्रयोग नेपाल रन युकेको सहकार्यमा भएको हो। १८ औं सस्करणका लागि भने सबै टेक्निकल डिभाइस (चिप्स)हरु करिब ३ हजार थान गैर आवाशिय नेपाली संघ (एनआरएनए) आइसिसी र पोखरा म्याराथनको अन्तर्राष्ट्रिय पार्टनर पोखरेली मञ्च युकेको सहकार्यमा भएको मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले जानकारी दिएका छन्। उनले भने-"नेपाली खेलकुदको इतिहासमा यो नयाँ फड्को हो। जहाँ म्याराथन मात्रै नभई १० किमि र ५ किमिमा समेत चिप्सको प्रयोग हुँदैछ। यसले नेपाली खेलकुदलाई प्रविधीमैत्री बनाउनु पर्छ भन्ने बलियो सन्देश समेत दिनेछ।" नेपाली सिटी म्याराथनको इतिहासमा नै पहिलो पटक हामी कोटा निर्धारण गर्दैछौं" ओलम्पिक कमिटीका उपाध्यक्ष समेत रहेका गुरुङले भने-"यसले खेलाडीलाई अन्तिम समयमा आएर दर्ता गर्ने परिपाटी समेत निराकरण गर्नेछ भने सहभागि हुने हरुलाई समेत आफ्नो भूमिका के हुनुपर्छ भन्ने विषयमा प्रष्ट्याउँछ।" सबै इभेन्टमा टेक्निकल डिभाइस (चिप्स)को प्रयोग हुने भए पछि आयोजकले माघ २८ गते सम्म अन्तिम दर्ता तोकेको छ। तर यस अघि दौडको अघिल्लो दिन सम्म धावकहरु दर्ताका लागि आउने गरेको अध्यक्ष पराजुलीले बताए। उनले विगतका वर्षहरुलाई सम्झिँदै भने-"विगतमा खेलाडीको दर्ता अन्तिम समयमा हुँदा हामीले निकै ठूलो समस्या भोग्नु परेको थियो। तर यो वर्षबाट त्यो समस्या हट्नेछ संख्या अनुसार खेलाडीहरुको सहभागिता हुनेछ भने अन्यलाई हामीले 'रन फर फन'मा जोड्ने छौं। 'रन फर फन'को संख्या १० हजारको हाराहारीमा हुनेछ।"

पोखरा म्याराथनको मुख्य प्रायोजकको रुपमा सुजल डेरीको उत्पादन सफल दुध रहेको छ। यसै गरी गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगर पालिका, राष्ट्रिय खेलकुद परिषद, पोखरेली मञ्च युके, गैर आवाशिय नेपाली संघ, तमु धिं युके, सहारा युके, बगर भाइ खलक युके, नेपाल रन युके, नेपाली समाज अस्ट्रेलिया, अमेरिका, विविल राइज फाउन्डेशनलागयतको मुख्य सहयोग रहनेछ।

पोखरा म्याराथन नेपालकै सर्वाधिक पुरस्कार राशी भएको म्याराथन समेत हो भने १८ औं सस्करणमा ४१ जना विभिन्न इभेन्टमा बिजेता प्रतियोगीहरुलाई १८ लाख १६ हजार नगद प्रदान गरिनेछ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# आहा रारा पोखरा गोल्डकप : चर्च ब्वाइज सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

दुई बर्ष देखि चर्च ब्वाइज युनाइटेड क्लव तगारो बन्दा नेपाल पुलिस क्लव आहा रारा पोखरा गोल्ड कपको यात्रामा अघि बढ्न सकेको छैन् ।

आहा रारामा गत बर्ष देखि उदय भएको नयाँ क्लव चर्च व्वाईजले यसपाली पनि पुलिसलाई पराजित गर्दै २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रबेश गरेको छ । शहीद स्मारक ए डिभिजन लिग फुटबलको च्याम्पियन चर्च ब्वाइज युनाइटेड क्लव सामु यस बर्ष बदला लिने लक्ष्यका साथ मैदानमा उर्त्रिएको नेपाल पुलिस क्लव पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा अन्ततः पराजित हुनु परेको हो । पोखरा रङ्गशालामा मंगलबार भएको अन्तिम क्वाटरफाइनल खेलमा चर्च व्वाईजले पुलिस माथि १-० गोल अन्तरले पराजित गर्दै दोश्रो सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लवसंग प्रतिष्प्रर्धा गर्ने भएको हो । चर्च ब्वाइजको



जितमा समिर तामाङ्ले गरेको एक गोल नै निर्णायक बन्न पुग्यो । खेलको ७३ औं मिनेटमा विपक्षि गोलरक्षक सन्नुधन चौधरी र डिफेन्स खेलाडीलाई विट गर्दै तामाङ्ले उत्कृष्ट गोल गरे । आजको खेलमा म्यान अफ दी म्याच सहित दश हजार नगद समेत चर्च ब्वाइजका समिर तामाङ्ले हात पार्न सफल भए ।

क्याराभान सहित उक्त प्रतियोगितामा दश पटक फाइनल सहित ५ वटा उपाधि जितेको पुलिसलाई गत बर्ष प्रिक्वाटरफाइनलमा चर्च व्वाईले २-१ को गोल अन्तरले पाखा लगाएको थियो । गत बर्ष पहिलो पटक सहभागि भएको चर्च व्वाईज गत बर्ष भने सेमिफाइनलमा अमेरीकाको बिवाईएससीसंग पराजित भएको थियो । खेलको सुरुवातबाटै निकै आक्रमक रुपमा प्रस्तुतः भएका दुबै टोली बिच पाएका धेरै अवसर गुम्दा गोल अन्तर धेरै हुन सकेन । पुलिसले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा गत बर्षकै नियतिमा चर्च व्वाईजसंगै पराजित भोग्नु पर्‍यो ।

बुधबार पहिलो सेमिफाइनल खेलमा जावलाखेल युथ क्लव र थ्रिस्टार क्लब बीच खेल हुने भएको सहारा क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । यही माघ २० गते फाइनल खेल हुने आयोजक सहारा क्लबले जनाएको छ । २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको विजेताले रु १२ लाख एक हजार र उपविजेताले रु छ लाख एक हजार पुरस्कार प्राप्त गर्ने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो । प्रतियोगिताको अवसरमा दर्शकलाई आकषर्ण गर्न फ्यान अफ दी म्याच समेत घोषणा गरिएको छ । मंगलबारको खेलमा निरज शाही र सुस्मिता लिम्बु फ्यान अफ दी म्याच घोषित हुदै जनही २ हजार ५ सय रुपैया हात पार्न सफल भए । वेलायत निवासि उमा र रामचन्द्र गुरुङको सहयोगमा उक्त कार्यक्रम संचालन भएको क्लवका शुर्दशन रञ्जितले बताए ।

# लिफ्टबाट खसेर ईन्जिनीयरको पोखरामा मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

पोखरामा बन्दै गरेको लिफ्टबाट खसेर एक ईन्जिनीयरको मृत्यु भएको छ ।

पोखरा ६ खहरे चोक स्थित चिनिमाया भण्डारीको बन्दै गरेको घरको ५ औँ तलाको लिफ्टमा पर्न गई अचानक खस्दा पोखरा रत्नचोक बस्ने ३७ बर्षका ई. प्रबिण भट्टराईको मुत्यु भएको प्रहरीले जनाएको छ । तातो पानीको सर्बे गर्ने क्रममा उक्त भवनमा अध्ययन तथा अवलोकन गर्न पुगेका ई. भट्टराई दिउँसो १ः०० बजे अचानक बन्दै गरेको लिफ्टबाट खस्न पुगेको स्थानियले जनाए ।

पोखराको न्युरोड स्थित मुक्ति ईनर्जी प्रा.लि.का ईन्जिनियर भट्टराई लिफ्टबाट खस्नसाथ गम्भिर घाइते भई उपचारको लागि गण्डकी मेडिकल कलेज ल्याएकोमा अस्पतालले दिउँसो २ः२७ बजे उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी श्रवण कुमार बि.क.ले बताए । उक्त घटनाको बिषयमा अनुसन्धान हुने उनले जनाए ।

# प्रेस सेन्टरको बिरगंजमा २० औं स्थापना दिवस सम्पन्न

**दिननाथ बराल**
पोखरा, १६ माघ

प्रेस सेन्टर नेपालको २० औ स्थापना दिवस पर्साको बिरगंजमा सम्पन्न भएको छ । सेन्टरले विभिन्न कार्यक्रम सहित आफ्नो राष्ट्रिय परिषद बैठक सहित स्थापना दिवस मनाएको प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलले बताउनु भयो ।

बैठकमा पत्रकार सुद्धिकरण, पत्रकारको क्षमता विकास, सङ्गठनको साङ्गठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदनसँगै विधान संशोधन मस्यौदा र नेपाल पत्रकार महासङ्घको आगामी निर्वाचन लगायत विषयमा छलफल भएको उहाँले जनाउनु भयो । बैठकले एक स्थानीय तह एक पत्रकार, एआईको शहि ढंगले उच्चतम प्रयोग गर्ने, एक मिडिया एक महिला, युवालाई प्रोत्साहन गर्न पुरस्कार, विपन्न पत्रकार अक्षयकोष स्थापना गर्ने, बिमा कार्यक्रम लागु गर्ने, संगठन सुदृढीकरणगर्ने,लोककल्याणकारी बिज्ञापनमा दोब्बरले बृद्धी गर्न माग गर्ने लगायका बिषयमा सहभागीले सुझाव दिएका दिनु भएको थियो । सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति बढेको छः प्रधानमन्त्री प्रचण्ड

यसैबिच, उक्त बैठक तथा स्थापना दिवसको अवसरमा सोमबार सो कार्यक्रममको उद्धाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति बढेको गुनासो गर्नु भयो । वीरगञ्जमा आयोजित प्रेस सेन्टर नेपालको २० औं स्थापना दिवस तथा राष्ट्रिय परिषद्को बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति बढेकोले यसमा सचेत रहन उहाँले आग्रह गर्नु भयो ।

परिवर्तनलाई बदनाम गर्ने प्रबृत्ति बढिरहेको बताउदै उहाँले त्यसको प्रतिवाद गर्न प्रेस सेन्टर लाग्नुपर्नेमा जोड दिनु भयो । त्यसका लागि अझै महनेत गरेर अगाडि बढ्न प्रधानमन्त्री प्रचण्डले सुझाव दिनु भयो । सूचना प्रविधिको क्षेत्रमा विश्वले राम्रो प्रगति गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालमा भने सामाजिक सञ्जालको दुरुपयोग बढेमा गुनासो गर्नु भयो । जनता र सबै राजनीतिक दलको सामूहिक सहभागितामा बजेट निर्माण गर्न सरकार केन्द्रित भएको उहाँको भनाई थियो । प्रधानमन्त्री प्रचण्डले नीति कार्यक्रम र बजेट सामाजिक न्याय र समाजवादको पक्षमा ल्याउने गृह कार्य भईरहेको बताउनु । प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “नीति तथा कार्यक्रम र बजेट समाजवाद र सामाजिक न्यायको पक्षमा हुनेछ । यसमा क्रान्ति नै गर्न खोजिएको छ । यसको पक्षमा जनमत निर्माण गर्न अपिल गर्दछु ।” आफ्नो ध्यान आगामी वर्षका लागि जनता केन्द्रित र सहभागितामूखि नीति, कार्यक्रम र बजेट निर्माणमा गएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले लोकतन्त्रको पक्षमा बजेट निर्माण गरेर ‘आमुल सुधार’ गरिने विश्वास व्यक्त गर्नु भयो ।

नीति तथा कार्यक्रम बनाउँदा स्थानीय र प्रदेश सरकार एवं मन्त्रालयहरूको पनि रायसुझाव लिइने बताउँदै प्रधानमन्त्री प्रचण्डले अब नयाँ तवरले सरकार अगाडि बढ्ने योजना रहेको बताउनु भयो । पुराना योजना पूरा नहुँदै नयाँ योजना निर्माण गर्ने प्रवृत्तिलाई निराकरण गर्ने योजनामा सरकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले केही सिमित मात्रामा अत्यन्त आवश्यक मात्र नयाँ योजना बनाएर बजेट निर्माण गर्नेगरी सरकार अगाडि बढेको बताउनुभयो । सरकारले भ्रष्टाचार, भूमाफिया र मिटरब्याजविरुद्ध ससक्त कदम चालेको भन्दै उहाँले सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्र, स्वरोजगारी तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत समेट्ने महत्वपूर्ण कार्य सरकारले गरेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

यसैबिच प्रेस सेन्टर नेपालको २० औ स्थापना दिवसको अवसरमा पर्साको बिरगंजमा प्रभात फेरी निकालिएको छ । सेन्टरको स्थापना दिवस विशेष समारोहका बिच मनाउने तयारी भएको पूर्व सन्ध्यामा घण्टा घरदेखि सुरु भएको प्रभात फेरि आदर्श नगर हुँदै टाउन हलमा पुगेर समापन भएको थियो ।

आईतबार देखि सेन्टरका केन्द्रीय पदाधिकारी, केन्द्रीय समिति तथा राष्ट्रिय परिषद् बैठक वीरगञ्जमा संचालन भएको हो । बैठकमा केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी तथा जिल्ला अध्यक्ष सहित गरी करिब पाँच सय जनाको सहभागिता रहेको प्रेस सेन्टरले जनाएको छ । उक्त अवसरमा प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीलाई सम्मान गरिएको छ । राससमा आबद्ध दवाडीलाई क्रियाशील पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको हो । प्रधानमन्त्री प्रचण्डले उहाँलाई सम्मान गर्नु भएको हो ।

साथै उक्त अवसरमा विमान दुर्घटनमा परी निधन हुनु भएका प्रेस सेन्टरका उपाध्यक्ष एवं नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेल र पोखराका पत्रकार अनिल शाहीको स्मृतिमा स्मारिका समेत प्रकासन गरिएको छ । उक्त स्मारिकाको प्रधानमन्त्री एवं माओबादी केन्द्रका पार्टी अध्यक्ष पुष्पकमल दाहाल( प्रचण्ड) ले गर्नु भएको थियो ।

## Embassy of India
## Kathmandu (Nepal)

## Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Gyneacologist | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 18 Feb. 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232, 434477**

## क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

◆ मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
◆ खानपानमा ध्यान पुऱ्याऔं,
◆ पर्याप्त व्यायाम गर्ने गरौं,
◆ सक्रिय जीवनशैली अपनाऔं,
◆ बोसोयुक्त मासु नखाऔं,
◆ तारेको, भ्फानेको, पोलेको खाना नखाऔं,
◆ गालेका तथा पुराना अचार कम खाऔं,
◆ नियमित स्वास्थ्य परीक्षण गराऔं,
◆ सरसफाईमा विशेष ध्यान दिऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीन्छु ।
- जर्ज बार्बर

## सम्पादकीय

# नेपाल बढी भ्रष्टाचार हुने मै

ट्रान्सपरेन्सी इन्टरनेशनलले मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल ३५ अंकसहित १०८औं स्थानमा परेको छ । विश्वव्यापी रूपमा सार्वजनिक गर्ने भ्रष्टाचार अवधारणा सूचकांक (करप्सन पर्सेप्सन इन्डेक्स-सीपीआई) मा गत वर्ष नेपाल ३४ अंकसहित ११० औं स्थानमा थियो । यो वर्ष ३५ अंकसहित १०८औं स्थानमा पर्‍यो । सर्वेक्षण सुरु भएको १२ वर्षको अवधिमा नेपालको स्कोर र वरीयता क्रममा हालसम्मकै उच्च हो ।

यसले सुशासनको मामिलामा झिनो सुधार देखिएको छ । तीन अंकभन्दा कमको सुधारलाई अन्तर्राष्ट्रिय समुदायले समेत उपलब्धि ठान्दैन । साथै व्यापक भ्रष्टाचार हुने मुलुकहरूको सूचीमा नेपाल यथावत् छ । भ्रष्टाचार अवधारणा सूचकांकमा ५० भन्दा कम अंक पाउनेहरू भ्रष्टाचारले व्याप्त मुलुककै सूचीमा पर्छन् । प्राविधिक कारणले एक अंक बढी आउदैमा सुधार भएको मान्न सकिँदैन। हाम्रा छिमेकी मुलुकहरुले सुधारका कयौं प्रयासहरु गरिरहँदा त्यसबाट सिक्नुपर्ने ठाउँमा नेपाली राजनीतिज्ञहरुको चेत खुल्न सकेको छैन ।

भ्रष्टाचार अवधारणा सूचकांक निकाल्ने ट्रान्सपरेन्सी इन्टरनेशनलले आम धारणा बटुल्न आफैं सर्वेक्षण गर्दैन । विभिन्न संस्थाले गर्ने अध्ययनमा भ्रष्टाचार, सुशासन र घुसखोरीका बारेमा सोधिने प्रश्न र सर्वेक्षणलाई आधार बनाएर भ्रष्टाचार अवधारणा सूचकांक तयार गर्छ । नेपालको हकमा विश्व बैंक, बर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, बर्ल्ड जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) नामक संस्थाको सर्वेक्षणलाई आधार मान्छ । छ मध्ये दुई वटा क्षेत्रमा सुधार देखिएको छ भने ४ वटामा नेपालको अवस्था गत वर्षको भैं यथावत् छ । आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायका लागि दिनुपर्ने घुसका विषयवस्तुको सर्वेक्षण गर्ने वर्ल्ड इकोनोमिक फोरमले गत वर्ष भैं ३८ दिएको छ ।

राज्यका प्रमुख निकायमा हुने भ्रष्टाचारको लेखाजोखाका क्रममा नेपालको अवस्था गत वर्षकै जस्तो देखियो । सरकारमा रहेकाहरूले गर्ने पदको दुरुपयोग, न्यायालय, संसद् र सुरक्षा निकायको प्रतिनिधिले निजी स्वार्थका लागि पदको दुरुपयोग गरेको मामिलामाथि वर्ल्ड जस्टिस प्रोजेक्टले सर्वेक्षण गरेको थियो, उसले नेपाललाई ३१ अंक दिएको छ । सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिले निजी स्वार्थका लागि पदको दुरुपयोग गर्ने अवस्था गत वर्ष भन्दा झिनो रूपमा सुध्रिएको छ । वर्ल्ड जस्टिस प्रोजेक्टको सर्वेक्षण अनुसार, नेपालले गत वर्षभन्दा १ बढी अर्थात् ३१ अंक पायो ।

भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) नामक संस्थाले राजनीतिक भ्रष्टाचारको विषयमा गरेको सर्वेक्षणमा भने नेपालले गत वर्षभन्दा ५ अंक बढी पाएको छ । सबै संस्थाले गरेको सर्वेक्षणको अंकको औसतबाट नेपालको सीपीआई ३५ भएको हो । एकाध रूपमा सुधार भएपछि राज्यका प्रमुख निकायहरूप्रति जनमानसमा परेको नकारात्मक धारणा यथावत् रहेकाले सुशासनका मामिलामा नेपालको सुधार अर्थहीन देखिन्छ । जब सम्म राजनितिक संरक्षण रहन्छ तब सम्म भ्रष्टाचार रोकिदैन।राज्यका हरेक अंगमा रहेको बेथिति नहटे सम्म भ्रष्टाचार न्युनिकरण हुन सक्दैन।विधिको भन्दा सत्ताधारीको आदेशमा राज्य संचालन हुन्जेल भ्रष्टाचारले आक्रान्त पार्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाव |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वस्थ्यमा सुधार | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिमला आधारभूत विद्यालयले ३३ औं अभिभावक दिवस

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा महानगरपालिका वडा नं. १३, आर्वा, थापाको चौतारामा रहेको सिमला आधारभूत विद्यालयले ३३ औं अभिभावक दिवस मंगलबार सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १३ का वडा प्रतिनिधि रजनी परियार रहनु भएको थियो । कार्यक्रमको अध्यक्षता कमल सुनारले गर्नुभएको थियो । विशेष अतिथि पो.म.न.पा. शैक्षिक महाशाखाका वरिष्ठ अधिकृत कृष्ण भण्डारी



रहनु भएको थियो ।

विद्यालयका प्रधानाध्यापक हरिमायाबरालले आर्थिकप्रतिवेदन पेश गर्नु भएको उक्त कार्यक्रममा डिल्लीराम बराल, विमल बहादुर बराल, बलराम बराल तथा अन्य वक्ताहरुले बोल्नु भएको कार्यक्रमको संचालन विद्यालयका शिक्षक देवेन्द्रराज परियारले गर्नुभएको थियो। साथै कार्यक्रममा स्वागत मन्तव्य बाल विकास शिक्षक मिना बरालले व्यक्त गर्नु भएको थियो भने ब्याज वितरण रमिला बरालले गर्नुभएको थियो ।

# लिटिल स्टेपको ४१ औं वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

सिमलचौर, पोमनपा - ८, कास्की स्थित लिटिल स्टेप माध्यमिक विद्यालयको मंगलबार ४१ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भयो ।

विज्ञान तथा सामाजिक अध्ययन प्रदर्शनी, राइम्स, नृत्य एवम् पुरस्कार वितरणसहितका कार्यक्रम राखिएको उक्त वार्षिकोत्सव समारोहको सभापतित्व पोखरा लिङ्कन इन्टरनेशनल कलेज एवम् लिटिल स्टेप मा.वि. व्यवस्थापन समितिका अध्यक्ष श्रद्धेय सञ्जीव उदासले गर्नुभएको थियो भने गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री माननीय जितप्रकाश आले समारोहका प्रमुख अतिथिका रुपमा आमन्त्रित गरिएको थियो । ४० बर्षको शैक्षिक इतिहास निर्माण गर्न अहोरात्र खट्नुभएका अग्रणी शिक्षासेवी एवम् पोखरा लिङ्कन इन्टरनेशनल कलेज तथा लिटिल स्टेप मा.वि. व्यवस्थापन समितिका पूर्व अध्यक्ष श्रद्धेय शेर बहादुर गुरुङको समुपस्थितिमा प्रमुख अतिथिबाट पानसमा दीप प्रज्ज्वलन एवम् विद्याकी देवी माता सरस्वतीको तस्विरमा अबिर र पुष्पार्पण गरी शुभकामना मन्तव्य सहित समारोह औपचारिक रुपमा आरम्भ भएको थियो। सो अवसरमा आयोजित विज्ञान तथा सामाजिक अध्ययन प्रदर्शनी आकर्षणको केन्द्र बनेको थियो । उपस्थित सबै महानुभावबाट विद्यार्थीहरूको प्रतिभा, क्षमता र कलाको मुक्त कण्ठले प्रशंसा गरिएको थियो । प्रतियोगितात्मक उक्त प्रदर्शनीमा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय समूहलाई तहगत रुपमा आकर्षक नगद पुरस्कार वितरण गरिएको थियो । त्यस समारोहमा नर्सरी, केजी कक्षा १ र २ का कलिला बाबुनानीले प्रस्तुत गरेको राइम्स र नृत्य पनि प्रशंसनीय रहेका थिए । कक्षा १ देखि १२ का विद्यार्थीहरुले समेत समारोहमा नृत्य प्रस्तुत गरेका थिए ।

विभिन्न शैक्षिकलगायतका पुरस्कार वितरण गरिएको उक्त वार्षिकोत्सव समारोहमा अभिभावकको तर्फबाट कुलमाया पौडेल क्षेत्री, विभिन्न व्यक्तित्वको तर्फबाट हिसान गण्डकीका वरिष्ठ उपाध्यक्ष डा. रामजी शर्माले शुभकामना मन्तव्य राख्नुभएको थियो । संस्थापक प्राचार्य श्रद्धेय पम्फा गुरुङले लिटिल स्टेप मा.वि. का विविध कार्यक्रम र आयाम बारे चर्चा गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभएको थियो । उल्लेख्य उपस्थिति बिच सम्पन्न भएको सो समारोहको उद्घोषण मा.वि. संयोजक ताराप्रसाद सुवेदी, गणित शिक्षक चित्र बहादुर अधिकारी एवम् छात्रा सिर्जना क्षेत्रीले गर्नुभएको थियो ।

# अन्नपूर्ण पदमार्गमा घट्दै पर्यटक

पोखरापत्र संवाददाता
लमजुङ, १६ माघ

विश्व पर्यटन बजारका महत्वपूर्ण मानिएकामध्ये एक अन्नपूर्ण पदमार्गमा यतिबेला पर्यटक घटेका छन् । दैनिक तीन सयभन्दा बढी पर्यटकको आगमन भइरहने यस पदमार्गमा यतिबेला मुस्किलले दैनिक दुई चार जनाका दरले विदेशी पर्यटक आउने गरेको धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रले जनाएको छ ।

यतिबेला चिसो बढ्न थालेसँगै पर्यटक ह्वातै घटेको केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङले बताउनुभयो । गर्मीयाम सुरु नभएसम्म यसरी पर्यटक घट्दै जाने र पर्यटन व्यवसायीहरूको आम्दानीसमेत नहुने उहाँको भनाइ थियो । ३५ हजारभन्दा बढी पर्यटन व्यवसायी यस पदमार्गमा छन् । यीमध्ये अधिकांश व्यवसायीको आम्दानीको मुख्य स्रोत पर्यटन क्षेत्र रहेको छ । अत्यधिक चिसोले पर्यटक आगमनमा कमी हुँदा पदमार्गमा आउने पर्यटकलाई लक्ष्य गरेर पदमार्ग आसपासमा दर्जनौं होटल व्यवसाय सञ्चालन गरेका व्यवसायी यतिबेला मर्कामा परेका छन् । पर्यटक घट्दा आम्दानीसमेत नहुने भएकाले परिवारको दैनिक गुजारा चलाउन समस्या हुने उनीहरूको गुनासो थियो । लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ जगतका पच्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटकको चाप हुँदा दैनिक रु ३०/४० हजारसम्म आम्दानी हुन्थ्यो तर अहिले पर्यटक नआउँदा आम्दानी शून्य भएको छ । चिसो बढेकाले पर्यटक पदमार्गमा नआउँदा आम्दानी हुन छाडेपछि चिन्तित बनाएको उहाँको भनाइ थियो । अर्का पर्यटन व्यवसायी खुसबहादुर तामाङको पनि उस्तै पीडा छ । लामो समयपछि लयमा फर्किरहेको पर्यटन व्यवसाय यतिबेला पर्यटक आगमन घटेसँगै आम्दानी पनि कम हुन पुगेको छ । दैनिक रु ३०/३५ हजार आम्दानी हुने गरे पनि यतिबेला पदमार्गमा पर्यटक शून्यजस्तै बनेसँगै आम्दानी नहुँदा परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्तामा रहेको उहाँको भनाइ थियो। पर्यटकहरू हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज र प्राकृतिक सुन्दरताको अवलोकन गर्नाका साथै मनाङबाट थुम्पापास भएर मुस्ताङ वा पोखरा जान पर्यटक अन्नपूर्ण पदमार्ग प्रयोग गर्छन् । सो पदमार्गले लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडेको छ । विश्वकै दश उत्कृष्ट पदमार्गमा पर्ने यस पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहरमा छ । पदमार्ग सुनसान हुँदा पर्यटन व्यवसायी मात्र नभई सयौं सङ्ख्यामा होटलमा आबद्ध कर्मचारी, भरिया तथा पर्यटकका लागि पथप्रदर्शकको काम गर्दै आएकाहरूलाई समेत समस्या पर्न थालेको छ ।


**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**सेवाकरार ईलेक्ट्रिसियन तथा प्लम्बर पदको पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना ।**

यस क्याम्पसका लागि विद्युत सम्बन्धी कामकाज गर्ने एक जना ईलेक्ट्रिसियन तथा खानेपानी सम्बन्धी कामकाज गर्ने एकजना प्लम्बर व्यक्तिगत सेवा करारमा बढीमा छ महिनाका लागि पदपूर्ति गर्नु पर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/१०/२९ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख


# पोखरा मोबाइल व्यवसायीको शिविर

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ कास्कीको २३ औं स्थापना दिवसमा भएको शिविरमा एक सय दुई जनाको सित्तैमा जाँच गरिएको छ । पोखराको न्युरोडमा रहेको

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)को प्राविधिक सहयोगमा भएको शिविरमा एक सय दुई जनाको सित्तैमा मधुमेह तथा रगतमा हुने खराब बोसो (टिजी) जाँच गरिएको थियो । सोही अवसरमा भएको रक्तदानमा ४१ प्रिन्ट रगत संकलन भएको छ । रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो । गण्डकी प्रदेशकै पहिलो र लोकप्रिय रेफरेन्स ल्याब युआरएलले स्थापना कालदेखि नै विभिन्न संघ, संस्थासँग सहकार्य गरी निशुल्क शिविर गर्दै आएको छ । स्थापनको १० वर्षमा एक लाख ६० हजारले शिविरबाट सित्तैमा सेवा लिइसकेको युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्त बताउँछन् । 'हामीले सामाजिक उत्तरदायित्व वहन गर्दै निशुल्क शिविर आयोजना गर्दै आएका छौं । प्रदेशलाई नै रगत जाँचमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ अघि बढेका छौं,' उनले भने । युआरएलले अहिले गण्डकी प्रदेशका २० स्थानबाट सेवा दिइरहेको छ । पोखरा मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघका अध्यक्ष नारायण सुवेदीले मोबाइल र अन्य इलेक्ट्रोनिक्स व्यवसायका फरक खालका समस्या रहेको जनाउँदै ती समस्या समाधानका लागि व्यावसायिक एकता अपरिहार्य भएकोमा जोड दिए । कार्यक्रममा संघका प्रदेश अध्यक्ष उदयबहादुर केसी (लाहुरे दाइ), सचिव चिन्तामणि खरेल लगायतले बोलेका थिए ।

# खानेपानीको चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन तालिम

पोखरापत्र संवाददाता
गण्डकी, १६ माघ

स्यापोरो वाटर वर्कस् ब्युरो जापानको सहयोगमा प्यारो हरियो नेपाल र नेपाल खानेपानी संस्थान काठमाडौंको सहयोगमा मंगलबारदेखि पोखरामा दुई हप्ता समयावधिको खानेपानी चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन तालिम सुरु भएको छ ।

खानेपानी सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारका लागि प्राविधिक सहयोग परियोजना अन्तर्गत भौतिक सुविधा विस्तारको साथै नेपाल खानेपानी संस्थान पोखरा शाखाको पानी वितरण प्रणालीलाई व्यवस्थित गरी शुद्ध खानेपानी वितरण गर्नका लागि प्राविधिक ज्ञान प्रदान गर्ने उद्देश्यका साथ नेपाल खानेपानी संस्थानअन्तर्गतका इन्जिनियर र अन्य प्राविधिक कर्मचारी गरी १५ जनालाई तालिम दिन लागिएको हो । तालिमका लागि जापानबाट ११ जना विशेषज्ञको टोली माघ १४ मा नेपाल आई नेपाल खानेपानी संस्थानको केन्द्रीय कार्यालय र खानेपानी मन्त्रालयका उच्च पदाधिकारीसँग छलफल गरी पोखरा आएको हो । पोखरामा हुने तालिमका क्रममा मर्दीखोला इयाम, नवनिर्मित पानी थिग्र्याउने प्रणाली र पुनर्चौरस्थित मुख्य पानी शुद्धीकरण प्लान्ट, हेमजालगायत पोखराको विभिन्न स्थानमा रहेका पानी वितरण प्रणालीहरुको अध्ययन र जाँच गरी देखिएका समस्या समाधान गर्न सहयोग गरिने जनाइएको छ ।

तालिमका पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र नेपाल खानेपानी संस्थानका महाप्रबन्धक ईश्वर प्रसादले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । कार्यक्रममा महानगरपालिका प्रमुख धनराज आचार्यले महानगरपालिका क्षेत्रमा स्वच्छ खानेपानी उपलब्ध गराउने विषय प्राथमिकतामा रहेको बताउनुभयो । नेपाल खानेपानी संस्थानका महाप्रबन्धक ईश्वर प्रसादले तालिमले पानी वितरण प्रणालीलाई व्यवस्थित गरी शुद्ध खानेपानी वितरण गराउन महत्वपूर्ण सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । आजदेखि सुरु तालिम आगामी माघ २९ गतेसम्म सञ्चालन हुने छ ।

# चोयाका सामान बनाउने सीप संरक्षण र हस्तान्तरण

पोखरापत्र संवाददाता
म्याग्दी, १६ माघ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ घराम्दीमा वातावरणमैत्री चोयाका सामान बनाउने सीप संरक्षण र युवालाई हस्तान्तरण गर्न थालिएको छ । मौलिक र परम्परागत सीप हस्तान्तरण, संरक्षण र वातावरणमैत्री चोयाका सामग्रीको प्रयोग बढाउने उद्देश्यले मण्डली सामुदायिक सिकाइ केन्द्रले युवायुवतीलाई तालिममार्फत सीप हस्तान्तरण गर्न थालिएको हो । केन्द्र व्यवस्थापन समितिका अध्यक्ष सम्झना पौडेलले निगालोबाट चोया र सामान बनाउने सीप सिकाउन पाँचदिने तालिम सञ्चालन गरेको जानकारी दिनुभयो ।

"छजना महिलासहित ३० जनालाई तालिम दिएका हौं", उहाँले भन्नुभयो, "निगालो र बाँसको चोयाबाट डोका, थुन्से, नाङ्लो डाली, थुन्से, भकारी, नाम्लो, नाङ्लो, डाम्लो बनाउन सिकाएका छौं ।" माघ १४ गतेदेखि सुरु भएको तालिम पाँच दिनसम्म चल्नेछ । चोयाका सामान बनाउन रघुगङ्गा गाउँपालिका-७ चिमखोलाबाट अनिल पाइजा घराम्दी पुग्नुभएको छ । चिमखोलाका बासिन्दामा निगालोबाट आकर्षक डोका बनाउने सीप छ । "अघिल्लो पुस्ताका नागरिकको मृत्यु, नयाँ पुस्ताका युवायुवतीमा ज्ञान, सीप हस्तान्तरण नभएको र पलास्टिकबाट बनेका सामग्रीको बढ्दो प्रयोगका कारण चोयाबाट बनेका सामग्री र सीप लोप हुने अवस्थामा पुगेको छ, सामान भण्डारण र ढुवानीमा प्रयोग हुने चोयाका सामग्री वातावरणमैत्री हुन्छन्", उहाँले भन्नुभयो ।

प्लास्टिकका सामानका कारण प्रदूषण बढेकाले चोयाबाट बनेका सामग्री प्रयोगमा ल्याउन सीप सिकेको उहाँले बताउनुभयो । प्रशिक्षक पाइजाका अनुसारप्रति डोकालाई रु एक हजारदेखि दुई हजार पाँच सय मूल्य पर्छ । साक्षरता अभियानलाई सफल बनाउन र निरन्तरता दिने क्रममा गठन भएका सामुदायिक सिकाइ केन्द्रले समुदायस्तरमा आयआर्जन वृद्धि, क्षमता, नेतृत्व विकास, परम्परागत मौलिक सीप र कलाको संरक्षणका गतिविधि गर्दै आएका अन्नपूर्ण गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले बताउनुभयो । "पुर्ख्यौली सीपको संरक्षण र नयाँ पुस्तामा सीपको हस्तान्तरण भएको छ", तालिमको अनुगमनका क्रममा सोमबार घराम्दी जानुभएका कटुवालले भन्नुभयो, "गाउँमै रहेको कच्चा पदार्थको प्रयोगबाट आत्मनिर्भर र वायु प्रदूषण बढाउने प्लास्टिकजन्य सामानको आयात घटाउँछ ।"

# प्रेस चौतारी पत्रकारिता पुरस्कार माधव बराललाई

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ





प्रेस चौतारी, कास्कीले स्थापना एवं सञ्चालन गरेको प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट यस वर्ष माधव बराल पुरस्कृत हुने भएका छन् । प्रेस चौतारी पत्रकारिता सम्मान २०८० मीना गुरुङ र हुम गुरुङलाई अर्पण गर्ने पनि प्रेस चौतारीले जनाएको छ ।

प्रेस चौतारीको २६ औं स्थापना दिवसको अवसरमा कास्की शाखाले पुरस्कार एवं सम्मान अर्पण गर्न लागेको हो । पूर्व अध्यक्ष हरि बास्तोला संयोजक, पूर्व अध्यक्ष श्याम कुँवर र पूर्व पुरस्कृत व्यक्तित्व शान्ति गुरुङ सदस्य तथा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी र सचिव रञ्जन अधिकारी पदेन सदस्य रहेको प्रतिभा छनौट समितिले गरेको सिफारिसलाई मंगलबार बसेको कार्यसमिति बैठकले अनुमोदन गरेको सचिव अधिकारीले जानकारी दिए । पुरस्कारको राशी ११ हजार १ सय ११ बाट बढाएर यस वर्षदेखि २२ हजार २ सय २२ पुऱ्याइएको उनले बताए । प्रेस चौतारी कास्कीले लामो समयदेखि बर्षेनी प्रदान गर्दै आएको यो पुरस्कारलाई गत वर्षबाट पुनः निरन्तरता दिइएको हो । चौतारीले गत वर्षदेखि नै सम्मान अर्पण गर्न थालेको हो । गत वर्ष राजु भण्डारी र सावित्री खनाल सम्मानित भएका थिए । यस वर्ष सम्मानित हुन लागेका मीना गुरुङ लामो समय सञ्चारकर्ममा योगदान गरी राजनीतिमा लागेकी हुन् । साढे २ दशकदेखि पत्रकारितामै सक्रिय हुम गुरुङ कास्की आवाज दैनिकका सम्पादक तथा प्रकाशक हुन् । अग्रणी संस्था तमु धिँ नेपालका अध्यक्ष रही समाजसेवामासमेत सक्रिय गुरुङले पत्रकारितामा लामो सयमदेखि अनवरत योगदान दिएका छन् । यस वर्ष पुरस्कृत हुन लागेका बराल दुई दशक बढी समयदेखि पत्रकारिता गरिरहेका छन् । प्रेस चौतारी कास्कीका निवर्तमान अध्यक्ष बराल प्रेस चौतारी र प्रेस सेन्टर एकीकरण भएर बनेको प्रेस संगठन कास्कीको पनि संयोजक बने । हाल नेपाल पत्रकार महासंघ कास्कीका सचिव बरालले २०५९ सालबाट पत्रकारिता थालनी गरेका थिए । पोखरा हटलाइनबाट पत्रकारितामा छिरेका बरालको गगन दैनिक, सन्ध्याकालीन दैनिक, माछापुच्छ्रे एफएम, धौलागिरी एफएम रेडियो अन्नपूर्ण, नेपाल समाचारपत्र, हिमाल खबर पत्रिका, समाधान दैनिक, अन्नपूर्ण पोष्ट र पब्लिक टिभीमा काम गरेको अनुभव छ । उनले पोखरा महानगरपालिकामा मेयर मानबहादुर जिसीको प्रेस संयोजकको भूमिका पनि निर्वाह गरेका छन् । बरालले २०६८ सालममा जिल्ला विकास समितिबाट उत्कृष्ट पत्रकारिता पुरस्कार प्राप्त गरेका छन् । यस्तै, २०६६ मा अन्नपूर्ण एफएमबाट बेस्ट न्यूज पर्सन अफ दि इएर लगायतका आधा दर्जन पुरस्कार प्राप्त गरिसकेका छन् ।

बराल प्रेस चौतारीको अध्यक्ष हुँदै हाल केन्द्रीय सदस्य तथा मिडिया अनुगमन विभाग संयोजक छन् । मिडिया टेक्नोलोजीमा स्नातकोत्तर गर्दै रहेका बरालको स्थायी घर पोखरा २८, कालिका हो । उनी पोखरा १४ चाउथेमा बस्दै आएका छन् । गत वर्ष एकसाथ ५ पत्रकारहरु पुरस्कृत भएका थिए । २०७५ देखि २०७९ सम्मका पुरस्कारबाट क्रमशः अग्रज पत्रकारहरु रामकृष्ण ज्ञवाली, श्याम कुँवर, दीपेन्द्र श्रेष्ठ, केशव पाठक र सुष्मा पौडेल पुरस्कृत भए । त्यसअघि, प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट अग्रज पत्रकारहरु संस्थापक अध्यक्ष पुण्य पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल र शान्ति गुरुङ पुरस्कृत भएका थिए । यसैबीच, सम्मान अर्पण समारोहलाई व्यवस्थित बनाउन विभिन्न उपसमितिसमेत गठन गरिएको छ । संस्थाको बैठकले सचिव रञ्जन अधिकारीको संयोजकत्वमा प्रचारप्रसार एवं मल्टिमिडिया म्यानेजमेन्ट समिति बनाइएको छ । उपाध्यक्ष मोतिसागर अधिकारीको संयोजकत्वमा जनवर्गीय संगठन समन्वय व्यवस्थापन समिति, उपाध्यक्ष तारा पौडेलको संयोजकत्वमा अतिथि सत्कार उपसमिति बनाइएको छ । कोषाध्यक्ष गिरीधारी पोखरेलको संयोजकत्वमा मञ्च व्यवस्थापन समिति गठन भएको छ । कार्यसमितिका सबै सदस्यहरु उपसमितिहरुका सदस्य छन् ।

# संस्थागत क्षमता स्वमूल्याङ्कनमा चामे उत्कृष्ट

पोखरापत्र संवाददाता
मनाङ, १६ माघ

हिमाली जिल्ला मनाङको चामे गाउँपालिकाले संस्थागत क्षमता स्वमूल्याङ्कनमा जिल्लामै उत्कृष्ट नतिजा पाएको छ । स्थानीय तहले गत आर्थिक वर्ष २०७९/८० मा गरेका कामको १० वटा विभिन्न सूचकका आधारमा गरिएको मूल्याङ्कनमा चामे उत्कृष्ट ठहरिएको छ ।

जिल्लाका चार पालिकामध्ये चामेले सबैभन्दा बढी अङ्क प्राप्त गरेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विवरणमा उल्लेख छ । पालिकाले १० मुख्य सूचकका आधारमा आर्थिक वर्ष २०७९/८० मा गरेका कामको आफैंले मूल्याङ्कन गरेका हुन् । त्यसमा चामेले जिल्लामै सबैभन्दा बढी ६७ दशमलव पाँच अङ्क प्राप्त गरेको छ । आव २०७८/७९ मा भने सो पालिकाले ६२ दशमलव ७५ प्रतिशत अङ्क प्राप्त गरेको थियो । चार गाउँपालिका रहेको मनाङका दुई स्थानीय तह मनाङ डिस्याङ र नार्पाभूभि गाउँपालिकाले भने ५८ दशमलव पाँच समान अङ्क प्राप्त गरेको तथ्याङ्कमा उल्लेख छ ।

यसैगरी, नासों गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा ५४ दशमलव पाँच अङ्क प्राप्त गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार स्वमूल्याङ्कनको काम प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र गरिसक्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । पालिकाको शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशीकरणजस्ता सूचकलाई मूल्याङ्कनको आधार बनाइएको छ । सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वयसहितका १० सूचकका आधारमा स्थानीय तहले आफ्नो कामको मूल्याङ्कन गरेका हुन् । यसमा अङ्कभार निर्धारण गर्दा पुष्टि हुने कागजात वा प्रमाण पनि अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।


## सार्वजनिक सूचना

स्याङ्जा जिल्ला पुतली बजार-७ बस्ने कृष्ण कुमारी पोखेल खनालको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. ३६०३ को क्षेत्रफल १९४.७५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ३६७४, उत्तर तर्फ ३६७४ र दक्षिण तर्फ कि.नं. ३६०४ का सधियारा कुनै पनि फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धमा

यस मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.को मिति २०८०/०६/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पन्नी (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.(Mission To Himalaya Paragliding Pvt. Ltd.) को नाम परिवर्तन गरि (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) नाम परिवर्तन गरिएको छ । (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि. (Mission To Himalaya Paragliding Pvt. Ltd.) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।


# पर्यटन प्रवर्द्धन गर्न धुरीमार्ग निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, १६ माघ

पर्यटन प्रवर्द्धनका लागि बागलुङमा धुरीमार्ग निर्माण सुरु गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशमार्फत चालु आर्थिक वर्षमा विनियोजन भएको रु ५० लाखले धुरीमार्ग निर्माण सुरु गरिएको हो ।

धुरीमार्ग करिब डेढ सय किलोमिटर हुने छ । बागलुङ नगरपालिका-१३ भैरवस्थानदेखि सुरु भएको धुरीमार्ग भकुण्डे भ्यू टावर, रायडाँडाको शान्ति गुम्बा-गाजाको दह, घोडाबाँधे बेलढुङ्गा, पञ्चकोट, शालिग्राम सङ्ग्रहालय हुँदै बागलुङ कालिका जोडिने छ । मन्त्रालयको बहुवर्षे योजनाअनुसार धुरीमार्गलाई अगाडि बढाइएको हो । यस वर्ष करिब एक किलोमिटर पदमार्ग निर्माण हुने छ ।

गत पुस ११ गतेदेखि निर्माण सुरु गरिएको धुरीमार्ग हालसम्म चार सय मिटर काम सकिएको धुरीमार्ग निर्माण समितिका अध्यक्ष दलबहादुर थापाले जानकारी दिनुभयो । धुरीमा पदमार्ग बनाइने हुँदा यसलाई धुरीमार्ग भनिएको उहाँको भनाइ छ । उहाँका अनुसार धुरीमार्ग स्लेट ढुङ्गा, रेलिङ, ढलानसहितको हुनेछ । स्लेट ढुङ्गा ताराखोला गाउँपालिका-१ माझखर्कबाट ढुवानी गरेर ल्याउँदा महङ्गो पर्ने हुँदा धेरै काम गर्न नसकिने थापाले बताउनुभयो । आगामी जेठको १५ गतेसम्म सक्ने गरी सम्झौता भएको जनाउँदै अध्यक्ष थापाले समयमै सामान उपलब्ध भए वैशाख दोस्रो साता नै काम सक्ने बताउनुभयो ।

यस वर्षको बजेटले भैरवस्थानदेखि कुण्डेसम्म जोडिने उहाँको भनाइ छ । भौगोलिक कठिनाइ र चिसो मौसमका कारण अहिले कामलाई तीव्रता दिन केही समस्या भए पनि दैनिक आफूहरूले काम गरिरहेको अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, “इन्जिनियरको ‘स्टिमेट’ अनुसारको काम गरि रहेका छौँ, समयमै काम सक्ने योजना छ, दिनदिनै काम भइरहेको, ढुङ्गाको गुणस्तरमा ध्यान दिनुपर्ने छ, भिरपहरा फोडेर मार्ग निर्माण भइरहेको छ, बजेट ठूलो देखिन्छ, तर स्टिमेटअनुसार काम गर्दा धेरै काम गर्न सकिने रहेनछ, पदमार्ग सामान्य किसिमको बन्दै छैन, गुणस्तरीय नै बन्छ ।” उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले पर्यटकलाई हप्तौँसम्म बागलुङका धार्मिक तथा पर्यटकीय क्षेत्र घुम्न र पर्यटन प्रवर्द्धनका लागि धुरीमार्ग निर्माण गर्न थालिएको बताउनुभयो । यो पदमार्ग पूरा गर्नका लागि एकै वर्षमा सम्भव नभएको भन्दै बहुवर्षे योजनाका रूपमा यसलाई अगाडि बढाएको मन्त्री थापाको भनाइ छ ।

बागलुङमा समथर भू-भागदेखि अग्ला पहाडका टुप्पोसम्म पर्यटकीय गन्तव्य रहेको हुँदा तल्लो क्षेत्रमा सडक र माथिल्लो क्षेत्रमा धुरीमार्गको प्रयोग गरी आन्तरिक तथा बाह्य पर्यटक घुम्न सक्ने उहाँले बताउनुभयो । “धुरीमार्ग निर्माण सम्पन्नपछि बागलुङमा बाह्य पर्यटक बढ्ने छन्, ग्रामीण बस्तीसँग जोडिएको धुरीमार्गले गाउँको पर्यटनलाई प्रवर्द्धन गर्न महत्वपूर्ण टेवा पुग्ने छ, यो पदमार्गमा पर्यटकहरू हप्तौं दिनसम्म यात्रा गर्न सक्ने छन्भने त्यस आसपासमा रहेका घरबास ‘होम-स्टे’, होटल र रेष्टुरेन्ट राम्रोसँग चल्नेछन्, स्थानीय उत्पादनले बजार पाउनेछन्”, मन्त्री थापाले भन्नुभयो, “पर्यटन प्रवर्द्धनका साथसाथै रोजगार सृजना पनि हुने छ, यहाँ यात्रा गर्ने पर्यटकले बागलुङका दर्जनौं धार्मिक तथा पर्यटकीय क्षेत्रको अवलोकन गर्न सक्ने छन् ।”

# अन्नपूर्णको भूमे आधारभूत विद्यालयमा विदेशी कलाकारद्वारा आकाशगंगा निर्माण

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ



अन्नपूर्ण गाउँपालिका सुदामेस्थित श्री भूमे आधार भूत विद्यालयको छात्रावासमा अस्ट्रियन कलाकार हाइन्ज प्रएन्स्टरले आकाशमा तारा चम्किरहेको आभास दिने आकाशगंगा कलाकृति निर्माण गरेका छन् ।

कलाकार हाइन्जले विद्यालयको छात्रावासको छतमा विशेष खालको पेन्टिङ र रङको प्रयोग गरी चम्किरहेका ताराहरूको मनमोहक क्यानभास तयार गरेका छन् । रातीमा विद्युतको प्रकाशले १५ सेकेन्डमै चार्ज हुने हुँदा शान्तिपूर्ण सङ्गीतको माहौल बनाइ आरामदायी निद्रा र शान्तिपूर्ण सपनाका लागि वातावरण तयार गर्छ । विद्यार्थीका लागि यसले खगोलीय अनुभूति दिने छ । छाताघरलाई अलौकिक प्रकाशको साथले रमाइलो वातावरण प्रदान गर्ने कलाकारको धारणा छ । हिमालयको काखमा रहेको विद्यालयको वातावरणबाट प्रभावित भएर हाइन्जले पहिलो स्टारसिड कला उपहार दिएको जनाएका छन । यो नेपाल मै पहिलो पटक प्रयोग गरिएको स्थापत्य कला हो । यसबाट ३ देखि १३ वर्षसम्मका ८० जना विद्यार्थी लाभान्वित हुने छन् । अस्ट्रियाली कलाकार र नेपाली स्कुलबिचको सहयोगले आकाशगंगा र पर्यावतरण जागरुकताको महत्वलाई केन्द्रमा राखेको छ । कलात्मक उत्कृष्टतासँगै पर्यावरणीय दायित्वको सङ्गम भएकाले छात्रावासलाई चम्किला ताराको आकाशमा परिवर्तन गरेको छ ।

आकाशगंगा निर्माणसँगै कलाकार हाइन्जले विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग र खाद्यन्य हस्तान्तरण गर्न पाउँदा आफू नेपालप्रति खुसी रहेको जनाए ।

# पुन हिल कप भलिबल: प्रौढतर्फ क्वाटरफाइनलका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ



प्रथम पुन हिल कप भलिबल प्रतियोगितामा प्रौढतर्फ क्वाटरफाइनलका सबै खेल सम्पन्न भएका छन् । ४० वर्षमाथिको प्रौढ भलिबलमा आयोजक पुन समाज नेपाल, पोखरा भेट्रान्स, रामबजार भेट्रान्स र सिद्धिकाली गाछेपानी भेट्रान्स सेमिफाइनल प्रवेश गरेका छन् ।

पुन समाज नेपालले सोमबार नै ढुंगेपाटन पुन समाजलाई २-१ को सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको थियो । पोखरा भेट्रान्सले मंगलबार भएको खेलमा एक्स एबिसी भेट्रान्सलाई २-० को सोझो सेटमा पाखा लगाउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । प्रिक्वार्टर फाइनलमा अकलादेवी भेट्रान्सले वाकओभर दिएपछि क्वार्टरफाइनलमा पुगेको एक्स एबिसीसँग कुश्मा भेट्रान्सले वाकओभर दिएपछि पोखरा भेट्रान्सको भेट पक्का भएको हो । रामबजार भेट्रान्सले लामाचौर भेट्रान्सलाई २-० कै सोझो सेटमा हराउँदै सेमिफाइनल पुगेको छ ।

रामबजार भेट्रान्सले ढुंगेसाँघु पुन समाज लाई २-० को सेटमा पराजित गर्दै क्वार्टरफाइनल प्रवेश गरेको थियो । लामाचौर भेट्रान्सले सोमबार नै रामबजार पुन समाजलाई २-० को सेटमा हराएर आन्तिम ८ मा स्थान बनाएको थियो । सिधैं बाइ पाएर क्वार्टरफाइनल खेलको सिद्धिकाली गाछेपानीले आर्थर डाँडाखर्क भेट्रान्सलाई २-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनल यात्रा तय गऱ्यो । अब सेमिफाइनलमा पुन समाज नेपाल र पोखरा भेट्रान्स आमनेसामने हुँदा सिद्धिकालिसँग रामबजारको प्रतिस्पर्धा हुनेछ । १२ समूह सहभागि भएको ४० वर्षमाथि उमेर समूहको प्रोढ भलिबलको विजेताले विजेताले ३३ हजार ३३३ रुपैयाँसँगै मेडल, ट्रफि र प्रमाणपत्र पाउनेछ । उपविजेताले २० हजार रुपैयाँसहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । मंगलबारनै महिलातर्फ २ खेल भए । पहिलो खेलमा ढुंगेपाटन पुन समाजले ढुंगेसाँघु पुन समाजलाई २-० को सोझो सेटमा पाखा लगायो । अर्को खेलमा आयोजक पुन समाज नेपालले कालिक पब्लिक क्याम्पसलाई २-० को सोझो सेटमा हराउदै अघिल्लो चरणको यात्रा तय गरेको छ । १५ समूह सहभागि रहेको महिलातर्फको विजतोलाई ६६ हजार ६६६ रुपैयाँ, मेडल, ट्रफि र प्रमाणपत्र तथा उपविजेतालाई ३३ हजार ३३३ रुपैयाँको साथमा मेडल, ट्रफि र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, खुल्ला पुरुषतर्फको पनि १ खेल मंगलबार भएको छ । पुरुषतर्फ क्लबस्तरीय भलिबलमा नेपाली सेनाको रणचन्डि दल विजयपुरलाई रामबजार पुन समाजले २-० को सोझो सेटमा पराजित गर्न सफल भयो । पुरुषतर्फ १८ टिमको सहभागीता रहेको छ । माघ १९ गतेसम्म चल्ने प्रतियोगितामा पुरुषतर्फको विजेताले १ लाख ११ हजार १११ रुपैयाँको साथमा मेडल, ट्रफि र प्रमाणपत्र पाउने महासचिव खिमन शेरपुर्जा पुनले जानकारी दिए । उपविजेता टोलीले ५५ हजार ५५५ रुपैयाँसहित मेडल, ट्रफि र प्रमाणपत्रमा चित्त बुझाउनेछ ।

# विमान दुर्घटनामा निधन भएका पत्रकारद्वयको ‘स्मृति दर्पण’

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

गत वर्ष माघ १ गते पोखरामा भएको यति एयरलाइन्स विमान दुर्घटनामा निधन हुनुभएका पोखराका पत्रकारद्वय त्रिभुवन पौडेल र अनिल शाहीको सम्झनामा ‘स्मृति दर्पण’ प्रकाशन गरिएको छ ।

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिले प्रकाशन गरेको स्मृति ग्रन्थ पुस्तकको प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले विमोचन गर्नुभएको हो । प्रेस सेन्टरको वीरगञ्जमा सम्पन्न २० औं स्थापना दिवस समारोहका अवसरमा सोमबार स्मृति दर्पण विमोचन गरिएको हो । पुस्तकमा स्व पत्रकारद्वयको जीवनी, विभिन्न पत्रकार तथा पत्रकार सम्बद्ध सङ्घसंस्थाका अध्यक्ष तथा सञ्चारकर्मीले उहाँहरूसँगको सहकार्यलाई किताबमा उल्लेख गर्नुभएको छ । स्मारिकामा गण्डकी प्रदेश क्षेत्रमा विभिन्न समयमा ज्यान गुमाउनुभएका पत्रकारहरूको पनि सङ्क्षिप्त परिचय समेटिएको छ । प्रेस सेन्टर नेपालका केन्द्रीय उपमहासचिव एवं गण्डकीका इन्चार्ज दीपक श्रेष्ठले गुमाएकाको सम्झना र सम्मानमा स्मृति ग्रन्थ प्रकाशन गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “गतिशीलतालाई बुझ्न सक्ने, समयसापेक्षतालाई गहिरो चिन्तनमनन गर्ने ‘डाइनामिक’ नेतृत्व स्व त्रिभुवन पौडेलले नेपाली पत्रकारितामा पुऱ्याउनुभएको योगदानलाई अभिलेखीकरण गर्ने र चिरस्थायी बनाउनका लागि पुस्तक प्रकाशन गरेका हौं ।” प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्षसमेत रहनुभएका स्व पत्रकार पौडेल नेपाल पत्रकार महासङ्घको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । उहाँले गण्डकी प्रदेश समितिको संस्थापक अध्यक्ष तथा कास्की शाखामा तीन कार्यकाल पदाधिकारीमा रहेर काम गर्नुभएको थियो । महासङ्घ प्रदेश समितिले पौडेलको स्मृतिमा रु १० लाखको अक्षयकोष स्थापनाको तयारी गरेको छ । कोषमा पत्रकार, विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट रकम जम्मा भइरहेको बताइन्छ । यसैगरी, प्रदेश समितिका अध्यक्षको कार्यकक्षलाई ‘त्रिभुवन स्मृति कक्ष’ नामकरण गरिएको छ । पौडेल अध्यक्ष रहेका समयमा प्रदेश समितिको भवन निर्माण गरिएको थियो । प्रेस सेन्टर नेपालले पनि स्व पत्रकार पौडेलका नाममा केन्द्रमा अक्षयकोष स्थापना गर्ने प्रेस सेन्टर गण्डकीका अध्यक्ष अर्जुन काफ्लेले बताउनुभयो ।